स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चर्चित गायिका एलिना चौहान अब व्यवसायमा पनि लागेकी छन्। उनले करिब दुई करोड रूपैयाँको लगानीमा काठमाडौंको नयाँ बानेश्वरमा महिलाविशेष फेसन स्टोर "रमणी बाइ एलिना" सञ्चालनमा ल्याएकी हुन्। यसको औपचारिक उद्घाटन यही साउन ४ गते हुने तयारी छ। स्टोरमा साडी, कुर्ता, लेहेँगा, चप्पल, ब्याग, चुरा, गहना तथा अन्य श्रृंगारका सामग्री उपलब्ध हुनेछन्। हामीले फेन्सीभन्दा पनि ट्रेडिसनल सामानलाई प्राथमिकता दिएका छौं," एलिनाले भनिन्।

**आजको विचार...**



तानसेन...

*(दुई पेजमा)*

पदम न्यौपाने



बलिउड अभिनेता आमिर खानलाई लरेन्स ग्याङको तर्फबाट ज्यान मार्ने धम्की आएको खबर सार्वजनिक भएको छ। रिपोर्टका अनुसार ग्याङले आमिर खानले गत जुलाई ५ मा गौरी स्पर्ाटसँग गरेको तेस्रो विवाहलाई "लभ जिहाद" को संज्ञा दिँदै धम्की दिएको हो। आजतकको रिपोर्टका अनुसार शनिबार लरेन्स ग्याङको तर्फबाट एउटा पत्र र अडियो नोट जारी गरिएको छ। ग्याङले यसको जवाफ चाँडै दिइने चेतावनी समेत दिएको छ।

❐ वर्ष ३२ ❐ अंक ३ ❐ २०८३ साउन ३ गते आइतबार 19 July 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### पहिरोमा परी आठ जनाको मृत्यु, ३४ जना बेपत्ता

(रासस/एपी)

**चोङकिङ,** साउन २/चीनको दक्षिणपश्चिमी सहर चोङकिङमा गएको पहिरोमा परी कम्तीमा आठ जनाको मृत्यु भएको छ भने ३४ जना अझै बेपत्ता रहेको अधिकारीहरूले शनिबार बताएका छन् । शुक्रबार बिहान पेङशुई काउन्टीमा गएको पहिरोले ठूलो मात्रामा ढुङ्गा र माटो बगाउँदा १० भन्दा बढी आवासीय भवन पुरिएको चीनको सरकारी सञ्चारमाध्यम सीसीटीभीले जनाएको छ । पहिरोमा परेका १० जनालाई उद्धार गरी अस्पताल पठाइएको छ भने एक हजार १०० भन्दा बढी स्थानीय बासिन्दालाई सुरक्षित स्थानमा सारिएको छ । क्षतिग्रस्त भवनमध्ये एकको माथिल्लो भाग पूर्ण रूपमा क्षतिग्रस्त भएको तथा अर्को भवन नजिकै एउटा सवारीसाधन आधा पुरिएको अवस्थामा भेटिएको जनाइएको छ । पेङशुई काउन्टीका योजना तथा प्राकृतिक स्रोत प्रमुख वाङ चुआनजुनका अनुसार पहिरोमा करिब १८ हजार घनमिटर चट्टान र भग्नावशेष बगेको थियो । त्यसमा सबैभन्दा ठूलो चट्टान करिब तीन हजार घनमिटरको रहेको उनले बताए ।


# भारी वर्षा, उच्च सतर्कता अपनाउन आग्रह

## पाल्पासहित अधिकांस तटीय क्षेत्रमा बाढीको जोखिम

हाम्रा संवाददाता

**पाल्पा,** साउन २ / देशभर मनसुनी वायूको प्रभाव रहेको जल तथा मौसम विभागले जनाएको छ । विभागका अनुसार मनसुनको न्यून चापीय रेखा पश्चिमतर्फ सरदर स्थानभन्दा केही माथि नेपालको तराई आसपास तथा पूर्वतर्फ सरदर स्थानकै आसपास रहेकाले आगामी तीन दिनसम्म उल्लेख्य वर्षाको सम्भावना रहेको हो ।

शनिबार देशभर अधिकांश बादल लागेको छ । शनिबार बिहान जारी बुलेटिनमा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी र तराई भू-भागका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको उल्लेख छ । कर्णाली र सुदुरपश्चिम प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको पनि बुलेटिनमा उल्लेख गरिएको छ । यस्तै आइतबार कोशी, लुम्बिनी र सुदुरपश्चिम प्रदेशको पहाडी र तराई




भू-भागका थोरै स्थान तथा मधेश, बागमती र गण्डकी प्रदेशको तराईको एक-दुई स्थानमा भारी देखि धेरै भारी वर्षाको सम्भावना रहेको छ । कोशी, गण्डकी, लुम्बिनी र सुदुरपश्चिम प्रदेशका पहाडी र तराई भू-भागको एक-दुई स्थानमा धेरै भारी देखि अति भारी वर्षाको समेत सम्भावना रहेको विभागले जारी बुलेटीनमा उल्लेख छ । यस्तै सोमबार पनि कोशी, बागमती,गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागको एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

**तटीय क्षेत्रमा बाढीको जोखिम**

पाल्पासहित देशका केही जिल्लाका साना नदी तथा खोलामा पानीको बहाव उल्लेख्य बढ्ने तथा आकस्मिक बाढीको मध्यम जोखिम रहेको पूर्वानुमान गरिएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

# विभिन्न स्थानबाट २५ जना जुवाडे पक्राउ



**पाल्पा,** साउन २/ देशका विभिन्न स्थानबाट प्रहरीले २५ जना जुवाडेलाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार म्याग्दी, तनहुँ, नवलपरासी पूर्व लगायत देशका विभिन्न स्थानमा छापा मारी जुवातास खेलिरहेको अवस्थामा २५ जनालाई पक्राउ गरिएको हो । नवलपरासी पूर्वको देवचुली नगरपालिका-१६ टागिकोटस्थित एचओपिइमा जुवातास खेलिरहेको अवस्थामा सोही नगरपालिका-१६ बस्ने ४२ वर्षीय अमन अधिकारीसहित ८ जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय रजहरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ४२ हजार ९ सय ५ रूपैयाँ र ८ बुक तास सहित पक्राउ गरेको हो ।

*-बाँकी अन्तिम पेजमा...*

# अवैध लागूऔषध सहित २२ जना पक्राउ

**पाल्पा,** साउन २/देशका विभिन्न स्थानबाट लागुऔषधसहित २२ जना पक्राउ परेका छन् । नेपाल प्रहरी प्रधान कार्यालयको केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार बर्दिया, सुनसरी, उदयपुर, धनुषा, झापा, बाँके, महोत्तरी, गोरखा, कैलाली, काठमाडौं लगायतका स्थानबाट अवैध लागूऔषध सहित २२ जनालाई पक्राउ गरिएको हो ।

बर्दियाको गुलरिया नगरपालिका-६ भन्सार रोडबाट अवैध लागूऔषधसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । ब्राउनसुगर जस्तो देखिने पदार्थ ७० मिलिग्राम सहित सोही ठाउँ बस्ने २३ वर्षीय सरिफ अहम्मद ईदरिसीलाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । सुनसरीको बराहक्षेत्र नगरपालिका-५ बिशालचोकबाट नियन्त्रित लागूऔषध ट्रामाडोल २७ ट्याब्लेट र स्पास्मेन २७ ट्याब्लेट सहित सोही नगरपालिका-४ बस्ने ३० वर्षीय बिक्रम विश्वकर्मासहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय महेन्द्रनगर र प्रहरी चौकी भरोलबाट खटिएको प्रहरीले प्र.०१-०२-०४६ प २३३३ नम्बरको स्कुटरमा सवार उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै उदयपुरको चौदण्डीगढी नगरपालिका-२ चारघरेमा पनि



लागूऔषसहित एक जना पक्राउ गरेका छन् । सोही ठाउँका ३० वर्षीय गोपाल खड्कालाई लागूऔषध ट्रामाडोल १ सय ५९ ट्याब्लेट सहित इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । यस्तै धनुषाको मिथिला बिहारी नगरपालिका-५ बाट लागूऔषध गाँजा करिब १९ किलो १९ ग्राम सहित हंसपुर नगरपालिका-३ मलहिनिया टोल बस्ने ६५ वर्षीय कोरघुबिर दासलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी ललियाबाट खटिएको प्रहरीले बिरेन्द्र बजारबाट हंसपुरतर्फ जाँदै गरेको मधेश प्रदेश ०२-००१ स ३१९९ नम्बरको अटोमा सवार उनलाई उक्त गाँजा सहित पक्राउ गरेको हो । यस्तै झापाको बिर्तामोड नगरपालिका-५ स्थित देउराली होटलबाट लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३१ ग्राम १ सय ७० मिलिग्राम सहित भारत पश्चिम बंगाल दार्जिलिङ खोरिबारी ग्रामथान पंचायत बस्ने ३४ वर्षीय कमल बर्मनलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले होटलको ४०४ नम्बरको कोठा तलासी गर्दा उक्त पदार्थ फेला पारी उनलाई पक्राउ गरेको हो । यस्तै बाँकेको कोहलपुर नगरपालिका-२ शक्तिनगर बस्ने २६ वर्षीय बिक्की कार्की भन्ने मान बहादुर कार्कीसहित ४ जनालाई लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ६ सय ७० मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ ।

यस्तै महोत्तरीको बर्दिबास नगरपालिका-१ पूर्व बस काउन्टर अगाडिबाट अवैध लागूऔषधसहित धनुषा मुखियापट्टी मुसहरनिया गाउँपालिका-४ बस्ने ३५ वर्षीय सुनिल कुमार साहलाई प्रहरीले पक्राउ गरेको छ । यस्तै गोरखाको शहिद लखन गाउँपालिका-७ लाखेडाँडाबाट लागूऔषध सहित गोरखा नगरपालिका-४ फिनाम बस्ने ३० वर्षीय अमृत बयलकोटीसहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले नामजुङबाट गोरखा बजारतर्फ आउँदै गरेको ग.४ च २४२८ नम्बरको कारमा सवार उनीहरूलाई उक्त गाँजा सहित पक्राउ गरेको हो ।

यसैगरी कैलालीको धनगढी उपमहानगरपालिका-९ बक्राकटनबाट अवैध लागूऔषध सहित सोही उपमहानगरपालिका-८ बस्ने २२ वर्षीय प्रकाश रानासहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले से.२ प ६१३१ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै कैलालीको गोदावरी नगरपालिका-१ अनामनगरबाट लागूऔषध सहित २ जनालाइ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ डेरा गरी बस्ने ३३ वर्षीय हरिष वडु र गोदावरी नगरपालिका-२ तेघरी बस्ने २६ वर्षीय सुरेन्द्र भट्ट रहेका छन् । यस्तै काठमाडौंको टोखा नगरपालिका-९ कुलान्त मार्ग बस्ने नुवाकोट ककनी गाउँपालिका-२ घर भएका ३५ वर्षीय नविन घिमिरे सहित २ जनालाई अवैध लागूऔषध सहित प्रहरीले पक्राउ गरेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## किसानको पीडा सम्बोधन गर

अन्नदाताका रुपमा चिनिने किसानको मेहनतले नै देशका मानिसको भान्सा चल्छ । तर विडम्बना, सबैभन्दा बढी दुःख, अभाव र अन्याय सहनुपर्ने वर्ग पनि किसान नै बनेका छन् । किसानको पसिनाले खेत हरियाली बन्छ, तर उनीहरूको जीवन भने अझै संघर्षले भरिएको छ । आजका किसानले मल, बीउ, सिँचाइ, आधुनिक कृषि उपकरण र सहज ऋणको अभाव झेलिरहेका छन् । उत्पादन राम्रो भए पनि उचित बजार र मूल्य नपाउँदा उनीहरूको मेहनतको उचित प्रतिफल मिल्दैन । बिचौलियाको प्रभावका कारण उपभोक्ताले महँगो मूल्य तिर्छन्, तर किसानले भने न्यून मूल्यमा आफ्ना उत्पादन बेच्न बाध्य हुन्छन् । उत्पादन बढ्दा पनि किसान खुशी हुन नसक्नु विडम्वना हो । किसानले उचित मूल्य नपाएको भन्दै गत बुधबार काठमाडौंको माइतीघर सडकमा गोलभँडा पोखेर सरकारविरुद्ध प्रदर्शन गरेका छन् । यसै गरी बेलाबेलामा सडकमा दूध बगाइएको दृश्य पनि नेपाली समाजले देखेकै हो । आफ्नै पसिनाको फल सडकमा फाल्न बाध्य हुनु किसानको मात्र होइन, राज्यको कृषि व्यवस्थापनको पनि विफलता हो ।

विदेशी तरकारी ल्याउने तर स्वदेशी उत्पादनको बजार व्यवस्थापनमा ध्यान नदिने जुन प्रवृत्ति देखिएको छ, त्यो आलोच्य छ । त्यसकारण किसान आफ्नो उत्पादन सडकमा फ्याँकेर आन्दोलन गर्न बाध्य छन् । किसानले बेलाबखत आन्दोलन गर्दै आए पनि यस विषयमा सरकारले सम्बोधन गर्न नसक्नु लज्जाको विषय हो । मुलुकमा उत्पादन नभएकै कारण सामान्य कुरा पनि आयात गर्नुपरिरहेको छ, जसले व्यापार सन्तुलन खल्बलिएको छ । यो अवस्थामा सीमित किसानले उत्पादन गरेका चिजबिजले समेत बजार नपाउँदा आगामी दिनमा कृषि पेसाबाट झनै विमुख हुने सम्भावना छ । यसले मुलुकको समग्र अर्थतन्त्रलाई नै अधोगतितर्फ धकेल्न सक्छ । अब किसानको समस्या समाधानका लागि सरकारले दिर्घकालीन योजना बनाएर बजारको मागअनुसार उत्पादन योजना बनाउने, किसान सहकारीलाई सुदृढ गर्ने, स्थानीय तहसम्म संकलन केन्द्र विस्तार गर्ने, कोल्ड चेन र प्रशोधन उद्योगमा लगानी बढाउने तथा आवश्यक पर्दा सरकारले बजारमा हस्तक्षेप गरेर किसानको उत्पादन खरिद गर्ने व्यवस्था गर्नुपर्छ । सरकारले विचौलियाको अत्यन्त नगर्दासम्म किसानले सधै समस्या झेल्नु परेको छ । किसानलाई उत्पादनमा लाग्न प्रेरित गर्नेदेखि उत्पादित सामग्रीको उचित बजार व्यवस्थापनमा सरकार सक्रियपूर्वक लाग्नैपर्छ । नीतिमा भएका कमजोरी केलाएर आवश्यक परे नयाँ नीति बनाउने र त्यसको कार्यान्वयनमा पनि जोड दिनैपर्छ । त्यो अवस्थामा मात्रै किसानले रुँदै आफ्ना उत्पादन सडकमा फ्याँक्नुपर्ने अवस्थाको अन्त्य हुने छ । तसर्थ सरकारले किसानलाई अनुदान एवं सहुलियत दिने, बजारको व्यवस्था गर्नेदेखि बिचौलिया नियन्त्रण गर्ने कार्यमा सक्रियताका साथ लाग्न आवश्यक छ । यसो गर्न सकेमा केही हदसम्म भए पनि किसानको पिडा सम्बोधन हुन सक्छ ।

## Opinion @ Social Network

प्रकृतिको काखमा सनातन संस्कृतिको सुगन्ध बोकेर उभिँदा,
वस्त्रले शरीर मात्र होइन, आस्थाले आत्मालाई पनि अलङ्कृत गर्छ ।
*(कुसुम गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Kusum.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तानसेन : विश्व सम्पदाको दैलोमा उभिएको ऐतिहासिक शहर



## पदम न्यौपाने

तानसेनलाई अब विभिन्न विशेषण थपेर परिचय दिइरहनु आवश्यक छैन । आवश्यकता छ त मात्र आफैलाई चिनिदिए मात्र पुग्छ । हिजो छिमेकी जिल्लाहरुको व्यापारिक हब र शिक्षा आर्जनका लागि विभिन्न जिल्लाबाट आउने विद्यार्थीहरुको बजारमा बास र हरेक गल्लीमा मालसामान खरिद एवं प्रशासनिक कामका लागि ग्रामीण भेगबाट आउने मानिसहरुबाट पसलमा थपिएको लामबद्ध घुइँचोको पृष्ठभूमिको कल्पना गरेर मात्र हुँदैन । बदलिदो परिस्थिति,बढ्दो पहुँच अवस्थाका साथै हामीसँग भएका नयाँ अवसर थप्ने आधारहरुको आंकलन गरेर नयाँ नीति रणनीतिका लागि तयार हुनुपर्ने हो तर कता-कता यस पक्षमा तानसेन चुकी रहेको होकी भन्ने भान परिरहेको छ । अब तानसेनलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन जरुरी छ । नयाँ केही गर्नुपर्दैन मात्र भएका सम्पतिको सार्वजनिक हितका लागि कसरी उपयोग गर्न सकिन्छ र बदलिदो परिस्थिति र सृजित अवसरको उपयोग गर्नेबारे केन्द्रित भए पुग्छ । त्यसो भए तानसेनलाई कसरी हेर्ने भन्ने सन्दर्भमा नेपालका सबैभन्दा ऐतिहासिक, सांस्कृतिक र मध्ययुगीन शहरी संरचना सुरक्षित रहेका शहरहरूमध्ये को शहर एक हो भन्ने गौरवन्वित अनुभूति गर्न जरुरी देखिन्छ । तानसेनको विशेषता केवल सुन्दर पहाडी शहर हुनुमा मात्र सीमित छैनह तानसेन नेपालको ऐतिहासिक, सांस्कृतिक, मध्ययुगीन शहरी संरचनायुक्त, पहाडी, व्यापारिक तथा पर्यटकीय महत्व बोकेको जीवित सम्पदायुक्त शहर हो । यसर्थ यसलाई मध्ययुगीन शहरी संरचनायुक्त ऐतिहासिक शहरका रूपमा युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गराउने लक्ष्य राख्ने हो भने, हामीले केवल पुराना घर वा मन्दिर हुनु मात्र पर्याप्त हुँदैन भनेर बुझ्नु पर्ने हुन्छ । युनेस्कोले सम्पूर्ण ऐतिहासिक शहरी संरचना, यसको मौलिकता र संरक्षण व्यवस्थालाई केन्द्रमा राखेर हेर्ने गर्दछ ।

**तानसेन कस्तो शहर हो, आधार के हुन ? :** तानसेन मध्ययुगीन शहरी संरचनायुक्त शहर भनिन्छ किनकी यहाँ साँघुरा ढुङ्गे गल्ली, परम्परागत बस्ती, चोक, टोल, मन्दिर र दरबारको योजनाबद्ध संरचना अझै धेरै हदसम्म सुरक्षित अवस्थामा छ । यो एतिहासिक शहर हो । वि.स. १८४४ मा महादत्त सेनद्धारा राजधानी कायम गरी यहाँ बस्ति बसाई श्रीनगर शहरको नामाकरण गरेका थिए । पछि यो पश्चिम नेपालको प्रमुख प्रशासनिक र व्यापारिक केन्द्रका रूपमा विकसित हुँदै गएको हो । तानसेन एउटा महत्वपूर्ण सांस्कृतिक शहर हो । विशेषगरी नेवार, मगर, ब्राह्मण, क्षेत्री लगायत विभिन्न समुदायको सहअस्तित्वले समृद्ध संस्कृति निर्माण गरेको देख्न पाइन्छ । कुनै बेलाको व्यापारिक केन्द्रको रुपमा स्थापित शहर हो । यो तिब्बत र भारत जोड्ने पुरानो व्यापारिक मार्गको महत्वपूर्ण केन्द्र थियो । अहिले कालिगण्डकी करिडोरले यसलाई झनै जीवन्त बनाउन सक्ने सम्भावना छ । यो पर्यटकीय शहर हो । प्राकृतिक सौन्दर्य, अनुकुल मौसम र स्वच्छ वातावरण सहित सांस्कृतिक सम्पदा, धार्मिक स्थल र ऐतिहासिक संरचनाले पर्यटकलाई आकर्षित गर्दै गएको छ । यो सुन्दर पहाडी शहर हो । यो समुद्री सतहबाट करिब १,३००-१,४०० मिटर उचाइमा अवस्थित भएकाले यहाँको मौसम अधिकांश समय सुहाउँदो हुन्छ । यसैका कारण भारतीय पर्यटकका लागि आकर्षणको थलो बन्दै गएको छ । श्रीनगरडाँडा बाट हिमाल र तराईको मनोरम दृश्य देख्न सकिने थलो, अमर नारायण मन्दिर, भगवती मन्दिर, शीतलपाटी, दरबार परिसर, पुराना ढुगेधारा, परम्परागत नेवारी शैलीका घर,टोल र ढुङ्गाले छापिएका गल्ली जस्ता सम्पदा जीवन्त रहेका छन् । प्रसिद्ध पाल्पाली ढाका उद्योग र हस्तकलाको नमूना करुवा लगायतले प्रशिद्धी कायम गरेका छन् । रानीमहल जस्तो नेपालको अनुपम ऐतिहासिक स्मारक, चारधाम मध्यको एक प्राचिन इतिहास र गौरव बनेको रिडि हृषिकेश मन्दिर नजिकै अवस्थित छन् । यस्ता दर्जनौ सम्पदाहरुले तानसेन विश्व सम्पदा बन्न सक्ने सम्भावनाको नजिक रहेको छ । तानसेनलाई सन २००८ देखि युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत हुन सक्ने सम्भावना भएको मध्ययुगीन पहाडी शहरका रूपमा चर्चा गर्दै आएको छ । यसका कारणहरू उल्लेख गर्दै युनेश्कोले तानसेनमा ऐतिहासिक शहरी संरचनाको मौलिकता देखेको छ, सांस्कृतिक विराशतको निरन्तरता देखेको छ, वास्तुकलाको विशिष्टता देखेको छ, जीवित परम्पराको महशुस गरेको छ र यी सम्पदा प्राकृतिक परिवेशसँगको सामञ्जस्य समावेश भएको पाएको छ । तर, विश्व सम्पदा सूचीमा सूचीकृत हुन संरक्षण, व्यवस्थापन योजना, कानुनी सुरक्षा, सम्पदाको मौलिकता (Authenticity) र अखण्डता (Integrity) जस्ता अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्न आवश्यक देखिन्छ ।

**यसका लागि केही मुख्य आधारहरू पूरा गर्नुपर्ने हुन्छ :**

सम्पदाको मूल्य र असाधारण विश्वव्यापी महत्व (Outstanding Universal Value OUV) प्रमाणित गर्नुपर्छ । तानसेन नेपालको मध्यपहाडी क्षेत्रमा मध्ययुगीन व्यापारिक, सांस्कृतिक र प्रशासनिक केन्द्रका रूपमा किन विश्वमै विशेष र यूनिक छ भन्ने प्रमाण प्रस्तुत गर्न सक्नुपर्दछ । विद्यमान मध्ययुगीन शहरी संरचना सुरक्षामा विशेष ध्यान दिइएको र सुरक्षित छ भन्ने आधार हुनुपर्छ । यहाँका साँघुरा गल्ली, ढुङ्गे सडक, चोक, परम्परागत घर, मन्दिर, दरबार, सार्वजनिक धारा, पाटी-पौवा आदि ऐतिहासिक स्वरूपमा सुरक्षित हुनुपर्छ । यसका लागि नगरपालिकाले लिएको नीति, कार्यक्रम, कार्यविधि, कार्ययोजना सहित संरक्षण कार्य भएको छ भन्ने प्रमाण प्रस्तुत गर्न सक्नु पर्दछ । हरेक सम्पदाको प्रामाणिकता (Authenticity) कायम गर्नु पर्दछ । यहाँका भवन, निर्माण सामग्री, शैली, रूपरङ्ग र सांस्कृतिक परम्परा सकेसम्म मौलिक रहनुपर्छ भनि सोही अनुरुपका पुराना भवनहरूको वैज्ञानिक संरक्षणका लागि कानूनी व्यवस्था गरिएको र अत्यधिक आधुनिक परिवर्तनले सम्पदाको मूल्य घटाउँछ भन्नेमा सचेत भएको प्रामाणिकता आवश्यक पर्दछ । विशेषगरी सम्पदा र सम्पदा स्थलमा अखण्डता (Integrity) कायम हुनुपर्छ । ऐतिहासिक शहरको समग्र स्वरूप टुक्राटुक्रा नभई सम्पूर्ण रूपमा सुरक्षित रहेको हुनुपर्छ । सम्पदाको कानुनी संरक्षण भएको हुनुपर्छ । स्थानीय, प्रदेश र संघीय सरकारले सम्पदा संरक्षणका स्पष्ट कानुन, मापदण्ड र कार्यान्वयन व्यवस्था मिलाएको हुनु पर्दछ । सम्पदाको व्यवस्थापन योजना (Management Plan) तयार गरी प्रभावकारी रूपमा लागू गरेको हुनु पर्छ । प्रष्टरुपमा सम्पदा संरक्षण, पर्यटन व्यवस्थापन, जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन र समुदायको सहभागिता समेटिएको दीर्घकालीन योजना अनुरुप कार्यभएको हुनुपर्दछ । विशेषगरी विश्व सम्पदा मापदण्ड (Criteria) मध्ये कम्तीमा एउटा वा बढी पूरा गर्नुपर्छ । तानसेनका लागि विशेष गरी युनेस्कोका मापदण्डका आधार मध्ये (ii), (iv) र (v) सबैभन्दा सान्दर्भिक मानिन्छन् ।

(ii संस्कृति र वास्तुकलाको आदान-प्रदानको उत्कृष्ट उदाहरण ।

(iv) मध्ययुगीन शहरी योजना र वास्तुकलाको उत्कृष्ट नमुना ।

(v) परम्परागत मानव बस्तीको उत्कृष्ट उदाहरण । साथै, अमूर्त सम्पदाहरु (Intangible Heritage) पनि जीवित रहेको हुनुपर्छ । विभिन्न जात्रा, पर्व, परम्परागत सीप, हस्तकला, संगीत, स्थानीय जीवनशैली आदि निरन्तर अभ्यासमा रही रहनुपर्छ । ऋभिलेखीकरणकालागि अनुसन्धान र दस्तावेजीकरण प्रक्रिया सुदृढ रहेको हुनुपर्छ । शहरको इतिहास, नक्सा, भवन सूची, पुरातात्विक अध्ययन तथा संरक्षण अभिलेख व्यवस्थित रहेको हुनुपर्छ । यसैगरी विश्व सम्पदा नामांकन प्रक्रिया अनुसार नेपाल सरकारले तानसेनलाई पहिले Tentative List मा राखी सकेको हुनुपर्ने र त्यसपछि विस्तृत नामांकन दस्तावेज (Nomination Dossier) युनेस्कोमा पेश गर्नुपर्छ । यसका लागि नगरपालिका र समुदायको सक्रियतामा विभिन्न कदम चाल्नु आवश्यक पर्दछ ।

**उल्लेखित आधारहरुमा तानसेनका प्रमुख बलिया पक्षहरु छन् । किनकी,**

तानसेन मध्ययुगीन पहाडी व्यापारिक शहरको स्वरूपमा रहेको शहर हो । यहाँ परम्परागत नेवारी र पहाडी वास्तुकलाको मिश्रण रहेको छ । यो ऐतिहासिक बजार हो, यहाँका गल्ली, मन्दिर, दरबार र सार्वजनिक स्थलहरूको सञ्जाल जीवन्त छ । श्रीनगरडाँडासँग जोडिएको प्राकृतिक र सांस्कृतिक परिदृश्य लोभलाग्दो रहेको छ । यहाँ जीवित सांस्कृतिक परम्परा र जात्राहरू छन् । तानसेनले यसका लागि अझ सुधार गर्नुपर्ने पक्ष पनि धेरै छन् । ति मध्ये अव्यवस्थित आधुनिक निर्माण नियन्त्रण गर्न कानूनी र वैधानिक नीति बनाउन जरुरी छ । यहाँका ऐतिहासिक भवनहरूको संरक्षण र पुनःस्थापनाको स्पष्ट कार्ययोजना निर्माण गर्न आवश्यक छ । विद्युत्, टेलिफोन तथा अन्य तारहरूको व्यवस्थापनका लागि कदम आवश्यक छ । ढुङ्गे सडक, चोक र सार्वजनिक स्थानहरूको मौलिक स्वरूप संरक्षणमा ध्यान जान आवश्यक छ । बजारको सवारी व्यवस्थापन र पैदलमैत्री ऐतिहासिक क्षेत्रको विकास गर्न आवश्यक छ । सम्पूर्ण ऐतिहासिक क्षेत्रको संरक्षण गुरुयोजना र बफर जोन प्रष्ट पारी कार्यान्वयनमा तदारुकता आवश्यक छ । यसर्थ तानसेन बजार पहाडको भौगोलिक बनोट अनुसार विकसित शहर हो । यो शहर पहाडको काखमा प्राकृतिक भूबनोट अनुसार बसाइएको छ । सडकहरू ढुंगाले छापिएका साँघुरा गल्लीका रूपमा विकसित छन् । यहाँ अहिले पनि परम्परागत बजार प्रणाली छ । तानसेनको मुख्य बजार लामो रेखीय (Linear Bazar) शैलीमा विकास भएको छ । पसल र घर एउटै भवनमा रहने परम्परा आज पनि धेरै ठाउँमा देखिन्छ । यहाँ परम्परागत वास्तुकलाको प्रयोग छ । बजारका अधिकांश घर इँटा, ढुंगा र काठबाट बनेका दुईदेखि तिन तले घर छन् । झ्याल, ढोका, छाना र काठका बुट्टा परम्परागत नेवारी तथा पहाडी शैलीका छन् । धार्मिक तथा सांस्कृतिक सम्पदाको घनत्व राम्रो छ । मन्दिर, विहार, पोखरी, पाटी, सत्तल, पुराना धाराहरू योजनाबद्ध रूपमा रहेका छन् । धार्मिक र सामाजिक जीवनसँग शहरको संरचना जोडिएको छ । यो एउटा ऐतिहासिक व्यापारिक केन्द्र हो । तानसेन भारतको गोरखपुर तथा नेपालको पहाडी र हिमाली क्षेत्र सम्मलाई जोड्ने प्रमुख व्यापारिक केन्द्र थियो । व्यापारले नै यसको शहरी विकासलाई गति दिएको थियो । जीवित सम्पदा (Living Heritage) कायम छ । यहाँ पुरानो संरचना मात्र होइन, आज पनि त्यही बजार, पर्व, जात्रा, संस्कृति र जीवनशैली निरन्तर चलिरहेको छ । यिनै कारणले युनेस्कोले तानसेनमा देखेका विश्व सम्पदा सूचीमा सूचीकृत हुन सक्ने प्रमुख आधारहरू देखेर सम्भावित लिष्टमा राखेको हो ।

**निष्कर्ष**

तानसेनको विशेषता कुनै एउटा मन्दिर वा दरबारमा मात्र सीमित छैन । यसको समग्र ऐतिहासिक शहरी बनोट, जीवित संस्कृति, व्यापारिक इतिहास, परम्परागत वास्तुकला र सांस्कृतिक विविधता नै यसको सबैभन्दा ठूलो सम्पदा हो । यही कारणले तानसेनलाई नेपालका विश्व सम्पदामा सूचीकृत हुन सक्ने सबैभन्दा सम्भावनायुक्त ऐतिहासिक शहरमध्ये एक मानिन्छ । यसका लागि शहरवासी, नगरपालिका लगायत सम्वद्ध निकायको तत्काल ध्यानाकर्षण भइ अग्रसरता लिन जरुरी देखिन्छ ।

(***लेखक तानसेन पर्यटन बोर्डका सदस्य समेत हुन् ।***)

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : योजना अघि बढाउने समय र हनेछ। गल्ती सच्याउने अवसर मिल्नेछ। | **तुला**: सहयोग गर्दा सम्मान पनि बढ्नेछ। सानो यात्राको योजना बन्न सक्छ। |
| **वृष** : अधुरा काम पूरा हुनेछ। खर्च गर्दा सन्तुलन कायम राख्नु राम्रो हुनेछ। | **वृश्चिक** : आर्थिक पक्षमा सुधार आउने छ। घरबाट राम्रो साथ पाइनेछ। |
| **मिथुन** : राम्रो परिणाम प्राप्त हुन सक्छ। नयाँ परिचय भविष्यमा काम लाग्नेछ। | **धनु** : कार्यक्षेत्रमा जिम्मेवारी बढ्न सक्छ। प्रयासले राम्रो उपलब्धि मिल्नेछ। |
| **कर्कट** : आत्मविश्वास बढ्दै जानेछ। खानपिनमा लापरवाही नगर्नु राम्रो हुनेछ। | **मकर** : क्षमताको प्रयोग गर्ने अवसर मिल्नेछ। बेलुकातिर मन शान्त रहनेछ। |
| **सिंह** : परिवारबाट आवश्यक सहयोग मिल्नेछ। प्रशंसाले थप हौसला दिनेछ। | **कुम्भ** : योजना बनाउने समय रहनेछ। अनावश्यक बहसबाट टाढा रहनुहोला। |
| **कन्या** : कार्यस्थल मिलाउँदा मन हल्का हुनेछ। शरीरलाई आराम दिनु राम्रो हुनेछ। | **मीन** : अनुभवले नयाँ बाटो देखाउनेछ। आफूलाई चाहिएको वस्तु भेटिन सक्छ। |

**कृषि**

# धान खेत मासेर अलैँची खेतीतर्फ आकर्षित माङसेबुङका किसान



इलामको माङसेबुङ गाउँपालिका-३ सिम्लेका किसान कृष्ण बुढाथोकीले २३ रोपनी क्षेत्रफलमा अलैँचीखेती लगाएका छन् । विगत तीन वर्षदेखि अलैँचीखेती सुरु गरेका उनले धान फल्ने खेत मासेर अलैँचीखेती विस्तार गरेका हुन् । अलैँची बेचेर उनले वार्षिक लाखौं आम्दानी गर्दै आएका छन् । यस वर्ष मात्र उनले अलैँची बेचेर १७ लाख रुपैयाँ हात पारे । प्रतिमन (४० किलो) एक लाख रुपैयाँका दरले अलैँची बेचेको उनले बताए । "यो वर्ष अलैँचीको उत्पादन राम्रै थियो । भाउ पनि राम्रो पाइयो", उनले भने, "घरैबाट प्रतिमन एक लाख रुपैयाँका दरले सुक्खा अलैँची बिक्री गरेर १७ लाख रुपैयाँ आम्दानी गर्न सफल भएँ ।" उनले जिर्मले जातको अलैँचीखेती गर्दै आएका छन् । पछिल्लो वर्ष व्यावसायिक अलैँचीखेतीमा लागेका उनले अलैँचीको बजार राम्रो भएकाले विदेश जान छाडेर व्यावसायिक अलैँचीखेतीमा जुटेको बताए । माङसेबुङ-२ का अर्का किसान गणेश लिम्बूले पनि यस वर्ष अलैँची बिक्रीबाट १६ लाख रुपैयाँ बढी आम्दानी गरेका छन् । विगत पाँच वर्षदेखि अलैँचीखेती गर्दै आएका लिम्बूले २५ रोपनी क्षेत्रफलको खेत मासेर अलैँचीखेती गर्दै आएका छन् । "मैले विगत पाँच वर्षदेखि धान फल्ने खेत मासेर अलैँचीखेती गर्दै आएको छु । यसपटक त भाउ पनि राम्रै आएकाले राम्रो आम्दानी गर्न सफल भएँ", उनले भने, "यो वर्ष थप सात रोपनी क्षेत्रफलमा अलैँचीखेती विस्तार गर्ने तयारी गरिरहेको छु ।" अलैँची बिक्रीबाट आएको आम्दानीले आफ्नो दैनिक घरव्यवहार खर्च साथै छोराछोरीको पढाइ खर्च व्यवस्थापन गर्दै आएको उनले बताए । "मेरो परिवारको घरखर्च र छोराछोरीको पढाइखर्च यही अलैँचीखेतीले धानेको छ", उनले भने । उनले रामशाही र गोलशाही जातको अलैँचीखेती गर्दै आएका छन् । पछिल्लो समय अलैँचीमा रोग नलाग्ने र राम्रो मूल्यमा बिक्री हुन थालेपछि किसानहरू अलैँचीखेतीमा आकर्षित भएका हुन् । अलैँचीखेतीले यहाँका किसानको जीवनस्तरमा परिवर्तन ल्याउन थालेको छ । किसानहरूले व्यावसायिक रूपमा अलैँचीखेती गरी मनग्य आम्दानी गर्न सफल भएका छन् । अलैँचीको मूल्य बढेसँगै किसानले धान र अन्य खेती छाडेर पनि अलैँचीखेतीलाई बढाएका छन् । अरु खेतीको दाँजोमा अलैँचीखेतीमा नाफा बढी हुने भएकाले पनि यस्तो खेतीमा किसानको उत्साह बढेको हो । परम्परागत शैलीको अलैँचीखेतीबाट आधुनिकीकरणसमेत हुन थालेपछि उत्पादन र आम्दानीमा समेत वृद्धि हुन थालेको माङसेबुङ-३ चिबुवाका किसान इन्द्रबहादुर लिम्बूको अनुभव छ । "गत वर्षदेखि उकालो लागेको अलैँचीको भाउले एक लाख रुपैयाँ नाघ्यो, मूल्य बढेपछि व्यापारीहरूको पनि खोसामार हुँदोरहेछ", उनले भने, "बिक्रीका लागि समेत समस्या परेन ।" उनले बर्सेनि १५ मन अलैँची बिक्री गरेर लाखौं आम्दानी गरिरहेको सुनाए । अलैँचीखेतीबाट मनग्य आम्दानी लिन सफल भएपछि आफू अलैँचीखेती विस्तार गर्ने योजनामा रहेको उनले सुनाए । माङसेबुङ गाउँपालिका वडा नं १, २, ३ र ६ का विभिन्न क्षेत्रका किसानले व्यावसायिक रूपमा अलैँचीखेती गर्दै आएका छन् । पहाडी भेगका गाउँमा अलैँचीखेती गर्ने किसानहरू बढ्दै गएका छन् । खेर गइरहेको, अन्नबाली राम्ररी नफस्टाउने, पानी बगिरहने, बढी चिस्यान, सेपिलो, ओसिलो, छायाँ पर्ने, भिरालो, कम गहिरो माटो भएको, कमसल जग्गामा समेत अलैँचीखेती गर्न सकिने भएकाले किसानहरू अलैँचीखेतीतर्फ आकर्षित भएका हुन् । उनीहरूले खेतबारीमा अन्नबाली लगाउन छाडेर अलैँची रोपेका छन् । सामान्य अलैँचीखेतीबाट सुरु गरेका किसानले अहिले व्यावसायिक रूपमा अलैँचीखेती सुरु गर्न थालेका छन् । उत्पादन र मूल्य राम्रो हुँदै गएकाले किसानहरू अलैँचीखेतीतर्फ दिनप्रतिदिन आकर्षित बन्दै गएका हुन् । कम मिहिनेत र थोरै लगानीमा नै मनग्य आम्दानी हुन थालेपछि किसानहरू व्यावसायिक अलैँचीखेतीमा आकर्षित भएका हुन् । खेतबारीमा अन्नबाली लगाउने जनशक्ति अभाव र लगाएको अन्नबाली पनि बाँदरले खाइदिने समस्याले अधिकांश किसानले व्यावसायिक अलैँचीखेती सुरु गरेका छन् । उनीहरूले खेतीयोग्य जमिन मासेर व्यावसायिक अलैँचीखेती गर्दै आएका हुन् । यहाँका किसानले सामशाही, गोलशाही, जिर्मले, भर्लाङ्गेलगायत जातका अलैँचीखेती गर्दै आएका छन् ।

**बहुवर्षीय सदावहार बाली**

अलैँची एक सदावहार बाली हो । यसले एकपटक रोपेपछि २० देखि २५ वर्षसम्म उत्पादन दिइरहन्छ । यसको बोट एकदेखि दुई दशमलव पाँच मिटरसम्म अग्लो हुन्छ । यसको मध्यम खालको झाङ हुन्छ । अलैँचीका वानस्पतिक भागलाई जरा, लाँक्रा, पात, थुङ्गा, फल र दाना गरी छ भागमा विभाजन गरिएको हुन्छ । भिरालो, सेपिलो, ओसिलो र छहारी भएको जमिनमा उत्पादन हुने अलैँचीखेती समुद्र सतहदेखि ६०० मिटरदेखि २१०० मिटर उचाइसम्म गर्न सकिन्छ। यसका लागि उपयुक्त तापक्रम १० देखि ३० डिग्री सेल्सियस हुने पहाडी क्षेत्र मानिन्छ । अलैँचीले बढी आद्रता भएमा राम्रो मानिन्छ । वर्षा जति भयो त्यति राम्रो मानिन्छ । सिँचाइभन्दा वर्षाको पानी राम्रो मानिन्छ । तर फेदमा पानी जम्न दिनु भने हुँदैन । वार्षिक सरदर वर्षा २००० देखि २५०० मिलीमिटर हुने स्थानमा यसको व्यावसायिक खेती गरिन्छ । यसले बढी हुरीबतास र तुषारो एवं हिउँ सहन सक्दैन । अलैँची विशेषगरी मसला, जडीबुटी तथा औषधिका रूपमा प्रयोग हुने गरेको पाइएको छ । अलैँचीमा थुप्रै औषधीय गुणहरू पाइने विज्ञहरूको भनाइ छ । अलैँचीलाई मुखमा राखेर चुस्नाले स्वरलाई ठिक बनाउने र टन्सिलजस्ता रोगलाई ठिक पार्ने, अलैँचीलाई पानीमा राखेर उमाली चियाजस्तो बनाएर खानाले स्वस्थ हुने र मस्तिष्कलाई शान्त बनाउने, कलेजो र फदयमा बल प्रदान गर्ने, अलैँचीको बोक्राको धुलो बनाइ दूध वा पानीसँग नियमित सेवन गर्नाले पाचनप्रणाली र रक्तक्रियालाई व्यवस्थित गरी मिर्गौलाका सम्पूर्ण रोगहरूलाई समाधान गर्ने विज्ञहरूको भनाइ छ ।

**बजारको अभाव छैन**

अलैँची किसानलाई अहिले बजार र यातायातको पनि कुनै समस्या छैन । घरैबाट सहजै रूपमा बिक्री गर्न पाउँछन् । घरघरमा गएर व्यापारीले अलैँची किन्ने गरेका छन् । घरैबाट व्यापारीले किन्ने गरेकाले किसानलाई बजारसम्म पुऱ्याउने झन्झटसमेत छैन । यातायातको सुविधा विस्तार भएसँगै किसानले अलैँचीको मूल्यसमेत राम्रै पाउने गरेको माङसेबुङ-२ का किसान कैलाशकुमार राईले बताए । "हामीले उत्पादन गरेको अलैँची बिक्रीका लागि कुनै समस्या छैन, व्यापारीहरू घरघरमा नै आउने गरेका छन्", उनले भने, "यातायातको सुविधा विस्तार भएपछि किन्नका लागि व्यापारीलाई मात्र होइन, बेच्नका लागि हामी किसानलाई समेत सहज भएको छ ।"

**गाउँपालिकाद्वारा अनुदान**

व्यावसायिक अलैँचीखेती गर्ने किसानलाई प्रवर्द्धन गर्न माङसेबुङ गाउँपालिकाले अनुदानमा अलैँचीको बिरुवा वितरण गर्दै आएको छ । गाउँपालिकाले अनुदानमा बिरुवा वितरण गर्न थालेपछि व्यावसायिक अलैँचीखेती विस्तारमा किसान आकर्षित भएका छन् । अलैँची उत्पादनमा वृद्धि गराउने उद्देश्यले माङसेबुङले अलैँचीखेती गर्ने किसानलाई ५० प्रतिशत लागत साझेदारीमा अलैँचीको बिरुवा वितरण गर्दै आएको माङसेबुङ गाउँपालिका कृषि विकास शाखा प्रमुख प्रतिक सुनुवारले बताए । माङसेबुङले यस वर्ष पनि किसानलाई १६ हजारवटा अलैँचीको बिरुवा वितरण गरेको छ । रामशाही र गोलशाही जातका १४ हजार र भलाङ्गे जातका दुई हजार बिरुवा वितरण गरिएको कृषि विकास शाखा प्रमुख सुनुवारले जानकारी दिए । "माङसेबुङ गाउँपालिकाको तर्फबाट यस वर्ष ५० प्रतिशत लागत साझेदारीमा किसानलाई १६ हजार अलैँचीका बिरुवा वितरण गरेका छौँ", सुनुवारले भने, "मागका आधारमा एकजना किसानले एक हजारदेखि चार हजार २०० वटासम्म अलैँचीका बिरुवा पाएका छन् ।" कतिपय किसानले व्यक्तिगत रूपमा र कतिपय किसानले सहकारी संस्था र कृषक समूहमार्फत अलैँचीखेती गर्दै आएको उनले बताए । अलैँचीको बिरुवा वितरणका लागि गाउँपालिकाले एक लाख ५० हजार रुपैयाँ विनियोजन गरेको थियो । माङसेबुङ गाउँपालिका अध्यक्ष हेमन्त राईले कृषि क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर गाउँपालिकाले नीति तथा कार्यक्रम ल्याएको बताए । "कृषि क्षेत्रमा प्रशस्त सम्भावना रहेको माङसेबुङमा कृषि क्षेत्रलाई नै प्राथमिकता राखेर नीति तथा कार्यक्रम ल्याएका छौँ", अध्यक्ष राईले भने, "किसानलाई प्रोत्साहन गर्ने खालका विभिन्न कार्यक्रम सञ्चालनमा छन् । आगामी दिनमा समेत यस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाउँदै निरन्तरता दिनेछौँ ।" *-डिसी नेपाल डटकम*

# कृषकलाई अनुदानमा 'दूध चिस्यान ट्याङ्की' वितरण



राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ कास्कीले आर्थिक वर्ष २०८२/८३ मा कृषिको आधुनिकीकरण, उत्पादन वृद्धि र कृषकको आय आर्जनमा टेवा पुऱ्याउने विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रमअन्तर्गत दुग्ध सङ्कलन तथा चिस्यान केन्द्र स्थापना एवं सुदृढीकरण कार्यक्रमले किसानलाई प्रत्यक्ष फाइदा पुगेको छ । पोखरा महानगरपालिका-२५ हेमजाका व्यावसायिक कृषक एक हजार लिटर क्षमताको 'चिलिङ भ्याट' (दूध चिस्यान ट्याङ्की) अनुदानमा पाएपछि उत्साहित बनेका छन् । किसान बहुउद्देश्यीय सहकारी संस्थामा आबद्ध कृषकले साझेदारीमा रु पाँच लाख लगानीमा 'चिलिङ भ्याट पाएपछि दूधको गुणस्तरदेखि आम्दानीसम्म सकारात्मक प्रभाव परेको उनीहरुको भनाई छ । दुग्ध उत्पादनलाई व्यावसायिक, गुणस्तरीय र प्रतिस्पर्धी बनाउन प्रदान गरिएको 'चिलिङ भ्याट' सञ्चालनमा आएपछि दूधको गुणस्तर जोगिनुका साथै सङ्कलन, भण्डारण र बजारीकरणमा उल्लेखनीय सहजता आएको सहकारी संस्थाका व्यवस्थापक पुष्पराज त्रिपाठीले बताए । उनका अनुसार सहकारीका १२० जना कृषक आबद्ध छन् र दैनिक एक हजार २०० लिटर दूध सङ्कलन हुने गर्दछ । सहकारीले सङ्कलन गर्ने दूध जिल्ला सहकारी सैमा बिक्री गर्दै आएको छ । "यसअघि उत्पादन भएको दूध तत्काल बिक्री र बजार लैजान नसक्दा नसक्दा बिग्रिने, फाल्नुपर्ने वा कम मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता थियो । अब भने दूधलाई आवश्यक तापक्रममा सुरक्षित राख्न सकिने भएकाले गुणस्तर कायम रहनुका साथै बजारसम्म ढुवानी गर्न पर्याप्त समय मिलेको छ । यसबाट कृषकलाई उचित मूल्य प्राप्त गर्न र आर्थिक नोक्सानी कम गर्न सहयोग पुगेको छ ।" त्रिपाठीले भने । यसअघि सहकारीमा ५०० लिटर क्षमताको चिलिङ भ्याट रहेपनि व्यावसायिक कृषक बढेसँगै दूध चिस्यानमा समस्या परेको थियो । चालु आर्थिक वर्षमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको रु चार लाख २५ हजार सहकारीको रु ७५ हजार साझेदारीमा चिलिङ भ्याट गरिद गरिएको थियो । कृषकका अनुसार चिलिङ भ्याटले दूध बिग्रिने जोखिम घटाएको, उत्पादन बढाउने उत्साह थपेको र पशुपालनलाई थप व्यावसायिक बनाउन प्रेरणा दिएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले चालु वर्षमा जिललमा दुई वटा एक हजार लिटर र तीन वटा ५०० लिटर क्षमताको चिलिङ भ्याट सहयोग गरेको र छ वटा दुग्ध सङ्कलन केन्द्रको सुदृढीकरणमा सहयोग गरेको थियो । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रममार्फत जिल्लामा चालु आवमा तरकारी सुपरजोन, अलैँची जोन तथा गाईभैँसी जोनमार्फत जिल्लाभर उत्पादन, पूर्वाधार, यान्त्रिकीकरण र उद्यम विकासमा उल्लेखनीय उपलब्धि हासिल भएको आधुनिकीकरण कार्यक्रमका कार्यालय प्रमुख वरिष्ठ कृषि अधिकृत धनबहादुर थापामगर बताए । उनका अनुसार साना सिँचाइ निर्माण तथा मर्मत कार्यक्रमअन्तर्गत सामुदायिक पोखरी निर्माण, थोपा सिँचाइ प्रणाली जडान, सिँचाइ पाइप खरिद तथा मर्मतसम्भारमार्फत करिब ५८ हेक्टर क्षेत्रमा थप सिँचाइ सुविधा विस्तार गरिएको छ । "अलैँची जोन विस्तार कार्यक्रममार्फत चालु वर्षमा थप २२१ रोपनी क्षेत्रफलमा अलैँचीखेती विस्तार गरिएको छ । क्षेत्र विस्तार गर्ने कृषकलाई प्रतिरोपनी रु तीन हजार २५० का दरले प्रोत्साहन रकम उपलब्ध गराएपछि कृषक अलैँचीखेतीतर्फ उत्साहित छन् ।" थापाले भने । च्याउ उत्पादन प्रवर्द्धनका लागि वार्षिक १८ मेट्रिक टन गोब्रे च्याउ उत्पादन गर्नसक्ने क्षमता भएका तीन वटा कम्पोष्ट संरचना तथा वार्षिक पाँच मेट्रिक टन सिताके च्याउ उत्पादन गर्न सक्ने आधुनिक संरचना निर्माण गरिएको छ । त्यसैगरी वार्षिक २५ मेट्रिक टन कन्ये च्याउ उत्पादन क्षमताका १०८ वटा र दुई मेट्रिक टन सिताके च्याउ उत्पादन क्षमताका चार वटा च्याउ उत्पादन संरचना निर्माणमा सहयोग गरिएको कार्यालयले जनाएको छ । कार्यालयले गाई/भैंसी प्रवर्द्धन कार्यक्रमअन्तर्गत पाडी तथा बाच्छी हुर्काउने कृषकलाई प्रतिपशु रु १५ हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराइको छ । यसैगरी उन्नत तरकारी तथा गोलभैँडा खेती, अलैँची व्यवस्थापन, कृषि औजार मर्मत, ग्राफ्टिङ प्रविधि, रासायनिक विषादीको सुरक्षित प्रयोग, न्यून लागतमा दाना उत्पादन र कृत्रिम गर्भाधानलगायत विषयमा ३७६ कृषकलाई तालिम प्रदान गरिएको कार्यालय प्रमुख थापाले बताए । *-रासस*

# रासायनिक मलको आपूर्ति पाँच लाख ६१ हजार मेट्रिकटन नाघ्यो



सरकारले आर्थिक वर्ष २०८२/८३ को असार २४ गतेसम्म पाँच लाख ६१ हजार ४९३ दशमलव ८५ मेट्रिकटन रासायनिक मल आपूर्ति गरेको जनाएको छ । यो परिमाण वार्षिक छ लाख मेट्रिकटन आपूर्तिको लक्ष्यको करिब ९४ प्रतिशत हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार गत आर्थिक वर्षका लागि रु २८ अर्ब ८२ करोड १४ लाख बजेट विनियोजन गरिएको थियो । गत असार २४ गतेसम्म चार लाख ९१ हजार ३०० मेट्रिकटन रासायनिक मल खरिदका लागि टेण्डर प्रक्रिया सम्पन्न भएको छ । उक्त मन्त्रालयकाअनुसार हालसम्म दुई कम्पनीमार्फत तीन लाख २७ हजार ५७९ दशमलव ८० मेट्रिकटन युरिया, दुई लाख तीन हजार ४२६ दशमलव ३० मेट्रिकटन डीएपी तथा ३० हजार ४८७ दशमलव ७५ मेट्रिकटन पोटास गरी कुल पाँच लाख ६१ हजार ४९३ दशमलव ८५ मेट्रिकटन रासायनिक मल आपूर्ति गरिएको छ । उक्त अवधिसम्म देशभरका गोदाममा ९२ हजार ५९२ दशमलव ३५ मेट्रिकटन रासायनिक मल मौज्दात थियो । त्यसमध्ये ४९ हजार १०४ दशमलव ३० मेट्रिकटन युरिया, २४ हजार १२ दशमलव ८५ मेट्रिकटन डिएपी र १९ हजार ४७५ दशमलव २० मेट्रिकटन पोटास मौज्दात थियो । अघिल्लो आर्थिक वर्षको मौज्दातसमेत समावेश गरी असार २४ गतेसम्म पाँच लाख १८ हजार २७८ दशमलव ५५ मेट्रिकटन रासायनिक मल बिक्री भएको छ । तीन लाख सात हजार १६ दशमलव ६० मेट्रिकटन युरिया, एक लाख ९२ हजार ९३१ दशमलव १५ मेट्रिकटन डिएपी र १८ हजार ३३० दशमलव ८० मेट्रिकटन पोटास बिक्री भएको उक्त मन्त्रालयले जनाएको छ । बाह्य मार्गमा २८८ दशमलव ७५ मेट्रिकटन रासायनिक मल ढुवानीको क्रममा छ, जसमा ८६ दशमलव ०५ मेट्रिकटन युरिया र २०२ दशमलव ७० मेट्रिकटन डिएपी छ ।

*-रातोपाटी डटकम*

# प्रचारप्रसार नहुँदा ओझेलमा गौरीगाउँ ताल



**दाङ,** साउन २ /तुलसीपुर उपमहानगरपालिका-१० मा अवस्थित गौरीगाउँ ताल पर्यटकीय दृष्टिकोणले आकर्षक भए पनि प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ । प्रचारप्रसार तथा भौतिक पूर्वाधारको अभाव हुँदा यस क्षेत्रको पर्यटन प्रवर्द्धन हुन नसकेको हो । तुलसीपुर बजारबाट दक्षिणतर्फ नजिकैको दूरीमा रहेपनि उचित प्रचारप्रसार र प्रवर्द्धनको अभावले गर्दा यो स्थल ओझेलमा परेको स्थानीय बताउँछन् । करिब आठ बिघा क्षेत्रफलमा फैलिएको यो तालको आफ्नै ऐतिहासिक विशेषता छ । पहिले यहाँ सातवटा छुट्टाछुट्टै तालहरू थिए, जसलाई अहिले मिलाएर एउटै विशाल तालको स्वरूप दिइएको छ । तालको बीच भागमा करिब रु एक करोडको लागतमा एउटा शिवमन्दिर निर्माण गरिएको छ । उक्त मन्दिरमा शिव, गणेश, सूर्य, देवी र विष्णु गरी पाँच वटा मूर्तिहरू स्थापना गरिएका छन् । आकर्षण तालको बीचमा रहेको मन्दिरसम्म पुग्नका लागि करिब ४५ मिटर लामो पुल निर्माण गरिएको स्थानीय रमेश बुढाथोकीले बताए । वर्षायामको पानी सङ्कलन हुने यस तालमा वर्षैभरि पानी रहिरहने र यहाँ व्यावसायिक रूपमा माछापालनसमेत गर्ने गरिएको उनको भनाइ छ । स्थानीय बुढाथोकीका अनुसार यो बाटो भएर हिँड्ने यात्रुले फाट्टफुट्ट तस्बिर खिच्ने गरे पनि तालकै अवलोकनका लागि आउनेको संख्या भने कम छ । सडक सञ्जालको सहज पहुँच र बजारबाट नजिकै रहेकाले यस ताललाई पर्यटकीय आकर्षणको केन्द्र बनाउन सकिने सम्भावना रहेको उनले बताए । दुर्गम क्षेत्रका साना पोखरीहरू समेत पर्यटकीय केन्द्र बनिरहेको अवस्थामा, बजार नजिकैको यति ठूलो ताल भने उपेक्षित हुनु दुःखद रहेको स्थानीय बताउँछन् । यो ताललाई व्यवस्थित गरी उचित प्रचारप्रसार गर्न सके दाङ जिल्लाकै एक प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्ने स्थानीय उत्तम चौधरीले बताए । उक्त ताललाई पर्यटकीय गन्तव्य बनाउनेतर्फ पहल थालिएको तुलसीपुर उपमहानगरका प्रमुख टिकाराम खड्काले बताए । उनले यहाँ थप भौतिक पूर्वाधार निर्माण गरी पर्यटकीय केन्द्रका रूपमा विकास गर्न योजनाबद्ध पहल थालिएको भन्दै सोही अनुरुप बजेटको व्यवस्था गरिने उनले जानकारी दिए । *-रासस*

## खेलकुद समाचार

### इन्डोनेसियालाई हराउँदै नेपाल तेस्रो



**काठमाडौं,** साउन २/नेपाली महिला यू-१९ क्रिकेट टोली एसीसी यू-१९ महिला प्रिमियर कपमा तेस्रो भएको छ । शनिबार भएको खेलमा इन्डोनेसियालाई ९ विकेटले पराजित गर्दै नेपाल तेस्रो भएको हो । इन्डोनेसियाले दिएको ६९ रनको लक्ष्य नेपालले १४.२ ओभरमा १ विकेटको क्षतिमा पूरा गऱ्यो । सना प्रवीण २५ रनमा अविजित रहिन् । साबित्री धामीले २४ रन बनाउँदा करुना बिष्ट १६ रनमा अविजित रहिन् । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको इन्डोनेसियाले २० ओभरमा ९ विकेट गुमाएर ६८ रन बनाएको थियो । डेरनी राम्बुले अविजित ३४ रन बनाइन् । नि पुतु एलिनले ११ रन बनाइन् । अन्यले दोहोरो अंकमा रन बनाउन सकेनन् । नेपालका लागि मनिषा उपाध्यायले ४ ओभरमा ७ रन दिएर ४ विकेट लिइन् । अनु कडायतले २ विकेट लिँदा तिर्सना बिक, सोनी पाखिन र रचना चौधरीले १-१ विकेट लिए । नेपाल यसअघि शुक्रबार सेमिफाइनलमा यूएईसँग सुपर ओभरमा पराजित भएको थियो । यूएई र थाइल्यान्ड आजै उपाधिका लागि खेल्दै छन् । नेपाल यू-१९ एसिया कपमा भने छनोट भइसकेको छ ।

## अर्थ/कर्पोरेट समाचार

### सिद्धार्थ बैंकको 'सिद्धार्थ गोल्ड लोन'



**पाल्पा,** साउन २/ सिद्धार्थ बैंकले 'सिद्धार्थ गोल्ड लोन' सार्वजनिक गरेको छ । बैंकले ग्राहकहरुको तत्कालको वित्तीय आवश्यकतालाई सहज र सर्वसुलभ सम्बोधन गर्ने उद्देश्यले नयाँ कर्जा योजना हो ।

यसअन्तर्गत ग्राहकले आफ्नो सुन तथा सुनका गरगहनाहरु धितो राखी बैंकबाट आवश्यक कर्जा रकम प्राप्त गर्न सक्नेछन् । योजनाअन्तर्गत ग्राहकले अधिकतम ५० लाखसम्म कर्जा सुविधा प्राप्त गर्न सक्नेछन् भने धितो सुनको मूल्यांकनका आधारमा अधिकतम ७५ प्रतिशतसम्म बैंकद्वारा कर्जा प्रवाह गरिनेछ । सुविधामार्फत ग्राहकले आफ्नो व्यक्तिगत तथा व्यावसायिक आवश्यकता सहज रूपमा पूरा गर्न सक्ने विश्वास बैंकको छ । ग्राहकहरूलाई छिटो, सुरक्षित तथा भरपर्दो वित्तीय सेवा प्रदान गर्ने उद्देश्यले यो सेवा सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ ।

# विभिन्न स्थानबाट २५ जना...

...यस्तै तनहुँको आँबुखैरेनी गाउँपालिका-३ तल्लो बजारमा पनि जुवातास खेलिरहेको अवस्थामा १० जनालाई प्रहरी पक्राउ गरेको छ । सोही ठाउँका ४० वर्षीय नवराज कोईरालाको घरमा जुवातास खेलिरहेको अवस्थामा उनीसहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय आँबुखैरेनीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ३६ हजार २ सय ६५ रूपैयाँ र ४ बुक तास सहित पक्राउ गरेको हो । यस्तै म्याग्दीको बेनी नगरपालिका-१० वाखेतबाट जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ५२ वर्षीय घन बहादुर मगरसहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय म्याग्दीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ५२ हजार ८ सय १० रूपैयाँ र ३ बुक तास सहित पक्राउ गरेको हो । प्रहरीले उनीहरुलाई पक्राउ गरी आवश्यक अनुसन्धान गरिरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

## सर्टिफिकेट हराएको सूचना

मिति २०८३/०१ /०५ गतेका दिन पाल्पा बसपार्कदेखि जिल्ला अस्पतालतर्फ आउने क्रममा मेरो नेपाल नर्सिङ काउन्सिलको निम्न व्यहोराको सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा प्रहरी चौकिमा बुझाइदिनु हुन अनुरोध गर्दछु ।

**नाम** : भगवती न्यौपाने

**ठेगाना** : तानसेन -१०, पाल्पा

**एनएनसी नं.** : १३२७९

**सम्पर्क नं.** : ९८४७०२९७९२

# बाढी/पहिरोबाट सचेत होऔं

**बाढी/पहिरो आउनुअघि:**

-स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
-खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
-घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
-आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
-जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

**बाढी पहिरो आएमा:**

-अनावश्यक हिंडडुल नगरौं,
-सुरक्षित स्थानतर्फ जाऔं,
-विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
-खोलानाला सुरक्षित तवरले तरौं,
-अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
-घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# भारी वर्षा, उच्च सतर्कता...

...जल तथा मौसम विज्ञान विभागअन्तर्गत बाढी पूर्वानुमान महाशाखाका अनुसार पाल्पा, अर्घाखाँची, रुपन्देही, ताप्लेजुङ, सोलुखुम्बु, सङ्खुवासभा, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौँ, भक्तपुर, ललितपुर, मकवानपुर, चितवन, कास्की, तनहुँ, स्याङ्जा, पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, रुकुम पश्चिम, डोटी, बझाङ, कैलाली र कञ्चनपुर तथा आसपासका जिल्लाबाट बग्ने साना नदी र खोलामा बहाव उल्लेख्य बढ्ने सम्भावना रहेको जनाएको छ । यी क्षेत्रमा आकस्मिक बाढीको मध्यम जोखिम रहेकाले नदी तथा खोला आसपास बसोबास गर्ने नागरिक, सडक यात्री र निर्माण कार्यमा संलग्नलाई आवश्यक सतर्कता अपनाउन विभागले आग्रह समेत गरेको छ । महाशाखाका अनुसार निरन्तरको वर्षासँगै पहाडी र हिमाली क्षेत्रमा बहाव बढ्ने भएकाले नदी किनार, तटीय क्षेत्र तथा डुबान र पहिरोको जोखिम भएका स्थानमा विशेष सावधानी अपनाउनुपर्ने अवस्था रहेको छ । खोलाहरूमा बहाब बढेर तटीय क्षेत्र तथा आसपासका बस्तीहरू प्रभावित हुन सक्ने भन्दै विभागले स्थानीय बासिन्दा र सर्वसाधारणलाई आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ ।

**सवारी सञ्चालनमा रोक**

देशका २३ जिल्लामा रातिको समयमा सवारी साधन सञ्चालन गर्न नपाइने भएको छ । शनिबार र आइतबार देशका विभिन्न स्थानमा भारी वर्षा हुने भएकाले सवारी सञ्चालनमा रोक लगाइएको हो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आगामी दुई दिन अत्याधिक वर्षाको सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन सर्वसाधारण तथा सरोकारवाला निकायलाई आग्रह गर्दै पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, खोटाङ, धनकुटा, सिन्धुली, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, चितवन, धादिङ, गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्वत, बाग्लुङ, म्याग्दी, स्याङ्जामा रातीको समयमा सवारी आवागमनमा रोक लगाइएको जनाएको छ ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई